# पर्वत जिल्ला अदालत
## कुश्मा, पर्वत
प्रशासन शाखा

पत्र संख्या :- २०८१/०८२
चलानी नं. :-

फोन नं. :- ०६७-४२०१९५
मिति :- २०८२।०३।५, तछलागा, ११४५ ने.सं.

॥ सूचना ।।,

विषयः वैतनिक कानून व्यवसायीको लागि दरखास्त आह्वान गरिएको सम्बन्धमा।

प्रस्तुत विषयमा जिल्ला अदालत नियमावली, २०७५ को नियग १०१(१) वमोजिम वैतनिक कानून व्यवसायी रहने व्यवस्था भई उक्त पद यस अदालतमा मिति २०८२/०४/०१ गते बाट रिक्त हुने भएकोले जिल्ला अदालत नियमावली, २०७५ को नियम १०१(२), (३), (४), (५) र (६) तथा वैतनिक कानून व्यवसायीको नियुक्ति तथा सेवाका शर्तसम्बन्धी निर्देशिका, २०७६ को दफा २ को उपदफा (१) बमोजिम बैतनिक कानून व्यवसायी पदमा रही काम गर्न इच्छुक कानून व्यवसायीहरुले यो सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र रु १०।– दरखास्त दस्तुर राखी यस अदालतमा दरखास्त दिनुहुन यो सूचना प्रकाशन गरिएको छ। म्याद नाघेर या रित नपुगी आएका निवेदन उपर कुनै कारवाही नहुने बेहोरा अनुरोध छ।

१. पदः बैतनिक कानून व्यवसायी ।

२. आवश्यक पद संख्याः १ (एक)

**३. अनिवार्य संलग्न गर्नु पर्ने कागजातहरुः**

क. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।

ख. कानूनमा स्नातक वा स्नाकोत्तर गरेको प्रमाणपवको प्रतिलिपि ।

ग. अधिवक्ताको प्रमाणपत्रको प्रतिलिपि ।

घ. सम्बन्धित विषयमा कुनै तालिम प्राप्त गरेको भए सोको प्रमाणपत्रको प्रतिलिपि ।

ङ. कम्तिमा ५००० शब्दमा "कानुनी सहायता प्रभावकारी बनाउन बैतनिक कानुन ब्यवसायीको भुमीका" बिषयक कार्यपत्र।

च. बैतनिक कानुन ब्यवसायीले कार्य सम्पादन गर्नु पर्ने सेवासँग सम्बन्धित स्वघोषणा पत्र।

४. **प्रदान गर्नु पर्ने सेवाः** वैतनिक कानून व्यवसायीको हैसियतले प्रदान गर्नुपर्ने तोकिएका सेवाहरु।

५. **बिशेष प्राथमिकताः-** वैतनिक कानून व्यवसायीको नियुक्ति तथा सेवाका शर्तसम्बन्धी निर्देशिका, २०७६ को दफा ४ को उपदफा ४ बमोजिम उपलब्ध भएसम्म महिला कानुन ब्यवसायीलाई छनौट गरिने छ।

६ पारिश्रमिकः कानून बमोजिम।

७. पदावधीः-१ (एक) वर्ष।

८. छनोटको किसिमः अन्तरवार्ता र पेश गरेको कार्यपत्र सम्बन्धी ४० मिनेटको पावरपोईन्ट प्रस्तुती अवलोकन।

९. अन्तरवार्ता मितिः दरखास्त दिने अन्तिम मितिको भोलिपल्ट प्रकाशन गरिने छ।

१०. नियुक्ति लिन आउनुपर्ने अवधिः असार मसान्त भित्र।